

अर्घाखाँचीको मालारानी गाउँपालिका–६ लोहोरीको एक घरमा गरिएको मकै भण्डारण। ● प्रेमनारायण आचार्य

# कांग्रेस र एमालेबीच समस्या छैन, सरकार सहमतिमै अघि बढेको छ : गृहमन्त्री

**पोखरा** (अन्नपूर्ण) : गृहमन्त्री रमेश लेखकले सत्ता साझेदार दलहरू नेपाली कांग्रेस र नेकपा एमालेबीचको सम्बन्धमा कुनै समस्या नरहेको दाबी गरेका छन्। पोखरामा शनिबार पत्रकार सम्मेलनमा बोल्दै उनले सत्ता साझेदारीमा कुनै समस्या नभएको भन्दै सरकार पनि नढल्ने स्पष्ट पारेका हुन्।

सरकार सहमतिका साथ नै अघि बढिरहेको उनले बताए। लेखकले भने, 'साथीहरूले सरकार ढल्छ-ढल्छ भनिदिनुहुन्छ अनि ढल्दैन है भनेर हामीले भनिरहनु परेको छ।'

पछिल्ला समयमा संविधानका साथै संघीय लोकतान्त्रिक गणतन्त्र विरोधी गतिविधिहरू देखा परिरहेको बताउँदै उनले संविधान विरोधी एवम् लोकतन्त्र विरोधी गतिविधि जनताले नरोज्ने स्पष्ट पारे।

लोकतन्त्रमा स्वतन्त्र प्रेस तथा सञ्चारमाध्यम रहने उल्लेख गर्दै लोकतन्त्र विरोधीहरूको पहिलो प्रहार नै सञ्चार माध्यममाथि हुने गरेको हामीले विगतमा भोगिसकेको उल्लेख गरे। उनले लोकतन्त्रमा कमि




कमजोरीलाई पनि सुधार गर्दै जान सकिने बताउँदै उनले यसमा नागरिक सर्वोपरि हुने स्पष्ट पारे। संविधान विरोधी गतिविधिका माध्यमबाट अराजकता, वितण्डा मच्चाउन खोज्ने प्रवृत्तिलाई राजनीतिक रूपमा जवाफ दिनुका साथै कानुनबमोजिम पनि अघि बढिने उनको भनाइ छ।

आमाको नाममा नागरिकता प्रदान गर्ने सम्बन्धमा विधेयक अघि बढाइसकिएको बताउँदै उनले यो समस्या चाँडै नै समाधान हुने विश्वास व्यक्त गरे। आफू गृह मन्त्रालयको जिम्मेवारी सम्हाले यताको नौ महिनाको अवधिमा कानुनी एवं नीतिगत व्यवस्थालाई प्रभावकारी बनाउनेतर्फ लागेको उनको भनाइ छ।

अपराध नियन्त्रण, लागुऔषध, आत्महत्या, साइबर अपराध जस्ता विभिन्न चुनौतीको सामना गर्ने कुरामा सरकार दृढ रूपमा अघि बढेको उनले बताए।

गभर्नर नियुक्तिलगायतका विषयमा समस्या नरहेको भन्दै उनले सही व्यक्तिलाई सही स्थानमा ल्याइने बताए। शिक्षकका मागलाई सम्बोधन गर्ने सम्बन्धमा सरकार प्रतिबद्ध भएको उनको भनाइ छ।

# स्थानीय तहका कर्मचारी पनि आन्दोलित

## सोमबार कालोपट्टी बाँधेर काम गर्ने

**काठमाडौं** (अन्नपूर्ण) : स्थानीय तहका कर्मचारी पनि आन्दोलित भएका छन्। स्थानीय सेवा कर्मचारी सञ्जाल नेपालले शनिबार विज्ञप्ति जारी गर्दै आइतबारदेखि आन्दोलन गर्ने जनाएको हो।

सञ्जालका महासचिव दीपक सिंह धामीले जारी गरेको विज्ञप्तिमा आइतबार ७५३ वटै पालिकाका प्रमुखमार्फत राज्य व्यवस्था तथा सुशासन समितिका सभापति, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्री र मुख्य सचिवलाई ध्यानाकर्षण गराउने उल्लेख गरिएको छ।

यस्तै, सोमबार काठमाडौंमा भेला भएर दबाबमूलक कार्यक्रम गर्ने र ७५३ वटै स्थानीय तहमा कालो पट्टी बाँधेर काम गर्ने जनाएको छ। माग पूरा नभए शुक्रबार काठमाडौं केन्द्रित सडक आन्दोलन तथा सम्पूर्ण ७५३ वटै स्थानीय तहमा पेन डाउनका कार्यक्रमहरू गर्ने विज्ञप्तिमा उल्लेख गरिएको छ।

सञ्जालले स्थानीय तह कर्मचारी संघर्ष समितिसँग सरकारले गरेका सम्झौतालाई लत्याउँदै संघीय निजामती सेवा विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले अगाडि बढाएकोमा आपत्ति जनाएको छ।



यस्तै, राज्य व्यवस्था तथा सुशासन समितिले स्थानीय तहका कर्मचारीका मागका विषयमा संशोधन प्रस्ताव दर्ता भएका दफाहरूमा आफूहरूसँग छलफल नगरेको र उपसमितिले पनि स्थानीय तहका कर्मचारीका विषयलाई बेवास्ता गर्दै प्रतिवेदन बुझाएको भन्दै सञ्जालले ध्यानाकर्षण भएको जनाएको छ।

यसअघि सरकार र स्थानीय तहका कर्मचारीबीच ऐनमा संघ, प्रदेश र स्थानीय सेवाका कर्मचारीहरूको सेवा र शर्तका विषयमा न्यूनतम मापदण्ड समावेश गर्ने, प्रदेशले कानुन निर्माण गर्दा पालना गर्नुपर्ने मापदण्डमा स्थानीय सेवाका स्थायी कर्मचारीलाई निजामती कर्मचारीका रूपमा परिभाषाभित्र समेटिनुपर्नेलगायतका विषयमा सहमति भएको थियो। हाल शिक्षक र आवासीय चिकित्सकहरू आन्दोलनमा रहेका छन्।

> स्थानीय सेवा कर्मचारी सञ्जाल नेपालले स्थानीय तह कर्मचारी संघर्ष समितिसँग सरकारले गरेका सम्झौतालाई लत्याउँदै संघीय निजामती सेवा विधेयक राज्य व्यवस्था तथा सुशासन समितिले अगाडि बढाएकोमा आपत्ति जनाएको छ।

# एनआरएनए संस्थापक थापाद्वारा दीर्घकालीन समाधानको आह्वान

**काठमाडौं** (अन्नपूर्ण): गैरआवासीय नेपाली संघ (एनआरएनए)का संस्थापक रामप्रताप थापाले संघको २२औं वर्षगाँठका अवसरमा वक्तव्य जारी गर्दै संघभित्र उत्पन्न विवादप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। साथै, उनले आगामी मे ३ मा आयोजना हुने भनिएको 'एकता महाधिवेशन' मा आफू संलग्न नरहेको स्पष्ट पार्दै त्यसबारे फैलिरहेका भ्रमबाट सचेत रहन सबैमा आग्रह गरेका छन्। थापाले विज्ञप्तिमा संघभित्रको पछिल्लो अवस्थालाई 'असहज परिस्थिति' का रूपमा उल्लेख गरेका छन्। उनले सर्वोच्च अदालतको ऐतिहासिक फैसला र त्यसपछिको आदेशलाई तोडमोड गरी व्याख्या गर्नु दुर्भाग्यपूर्ण भएको टिप्पणी गरेका छन्। 'त्यो निर्णयलाई व्यक्तिगत स्वार्थअनुसार प्रयोग गरिनु दुःखद हो,' विज्ञप्तिमा उल्लेख छ। थापाले सामाजिक सञ्जाल, समाचारमाध्यम र इमेलमार्फत आफूलाई 'एकता महाधिवेशन' मा जोडेर प्रचार गरिएकोप्रति पनि गहिरो आपत्ति जनाएका छन्। 'मेरो नाम र तस्वीरको दुरुपयोग गर्दै भ्रम फैलाइएको छ, जसप्रति म गहिरो दुःख प्रकट गर्छु,' उनले स्पष्ट पारेका छन्। संघको सुरुवातदेखि नै नेतृत्वको आकांक्षा त्यागी संस्थाको एकताका लागि योगदान दिँदै आएको स्मरण गराउँदै थापाले आपसी छलफल र संवादमार्फत



> 'एकता महाधिवेशन' मा नरहेको घोषणा, तस्बिर दुरुपयोगमा आपत्ति

अहिलेको समस्याको समाधान खोज्न सकिने विश्वास व्यक्त गरेका छन्। 'संस्थाभित्रको बृहत् एकताको निम्ति म सधैं इमान्दार र लचिलो रहँदै आएको छु,' उनले भनेका छन्।

गैरआवासीय नेपाली समुदायबीच आदरयुक्त छवि बनाएका थापाले संघको विधान तथा सर्वोच्च अदालतका निर्णयको मर्मअनुसार दीर्घकालीन र समावेशी एकता कायम गर्न नेपाल सरकार, संघ र विदेशमा रहेका सम्पूर्ण गैरआवासीय नेपालीहरूलाई अपिल गरेका छन्।

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई एमालेले दियो २५ बुँदे सुझाव



**काठमाडौं** (अन्नपूर्ण) : नेकपा एमालेले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम एवं बजेटमा समावेश गर्ने विषयमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई २५ बुँदे सुझाव दिएको छ।

शनिबार पार्टी कार्यालय च्यासलमा पार्टीको भौतिक पूर्वाधार तथा यातायात विभागले गरेको कार्यक्रममा विभागीय प्रमुख गोकर्ण विष्टले सरकारको कामलाई प्रभावकारी बनाउन पार्टीको तर्फबाट सुझाव दिइएको बताए।

एमालेले सडक विभाग, यातायात व्यवस्था विभाग, रेल विभाग तथा पानी जहाज कार्यालयसँग सम्बन्धित विभिन्न विषयहरू समेटेर लिखित सुझाव दिएको हो। योजना तथा कार्यक्रमहरूलाई नागरिकसम्म प्रभावकारी रुपमा पुर्‍याउन सरकारको नीति था कार्यक्रम एवं बजेटमा समावेश गर्नुपर्ने विषयहरू प्राथमिकताका साथ समेटेर सुझाव दिइएको विष्टले बताए।

राष्ट्रिय गौरवका तथा राष्ट्रिय महत्वका आयोजनाहरू, विकट तथा दुर्गम क्षेत्र, रणनीतिक महत्वका योजना, आर्थिक विकास र रोजगारी सिर्जनाहरू योजना लगायतलाई नीति कार्यक्रम तथा बजेटमा समावेश गर्न एमालेको सुझाव छ।

कार्यक्रममा एमालेका पोलिटब्युरो सदस्यसमेत रहेका मन्त्री दाहालले पार्टीले अल्पकालीन तथा दीर्घकालीन आवश्यकताहरूलाई सम्बोधन हुने गरी महत्वपूर्ण सुझाव दिएको बताए। आगामी वर्षको बजेटमा निर्माणाधीन तथा अधुरा योजनाहरू पूरा गराउन प्राथमिकता दिइने उनले उल्लेख गरे।

सडक सञ्जाल नपुगेका ठाउँमा सडक सञ्जाल पुर्‍याउने, आफ्नै देशको एक भागबाट अर्को भागमा पुग्न अरू देशको बाटो प्रयोग गर्नुपर्ने बाध्यता हटाउने, उत्पादन वृद्धि र रोजगारी सिर्जनामा सहयोग पुग्ने, राजस्व संकलन तथा वैदेशिक व्यापारलाई सहज गराउने लगायतका क्षेत्रमा बजेटले प्राथमिकता पाउने उनको भनाइ थियो।

समुद्रमा नेपाली पानी जहाजको पहुँच स्थापित गर्न अन्तर्राष्ट्रिय सन्धि तथा कानुनहरूको अध्ययन भइरहेको, सार्वजनिक यातायातलाई व्यवस्थित पार्न प्रविधियुक्त बनाउने काम भइरहेको, रुग्ण आयोजनाहरूको पहिचान गरि समस्या समाधान तथा रेल मार्ग विस्तार र निर्माणमा देखिएका समस्या निराकरण तर्फ मन्त्रालयले ध्यान दिएको मन्त्री दाहालले बताए।

# ११६ केजी गाँजासहित कार बरामद, चालक फरार

**धरान** (अन्नपूर्ण) : प्रहरीले सुनसरीबाट ११६ केजी गाँजासहित एउटा कार बरामद गरेको छ। शुक्रबार राति इटहरीबाट विराटनगरतर्फ जाँदै गरेको बा७च ९२६३ नम्बरको कारलाई चेकजाँच गर्दा गाजा र कार बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुनसरीका



डिएसपी योगराज खतिवडाले बताए। उक्त कारले गाजा बोकेर विराटनगरतर्फ जाँदै गरेको गोप्य सूचना पाएपछि इलाका प्रहरी कार्यालय दुहबीबाट प्रहरी वरिष्ठ नायव निरीक्षक रजिप रणपहेलीको टोलीले चेकजाँच गर्दा गाँजा र कार बरामद गरिएको जनाइएको छ। कार चालक भने फरार भएको डिएसपी खतिवडाले बताए।


## Chaunrideurali Rural Municipality
## Office of the Rural Municipal Executive
Dhadhkharka Bhanjyang, Kavrepalanchok
Bagamati Province, Nepal

### Amendment Notice (Invitation for Electronic Bids)

**1st Date of Publication: 2082/01/07**

1. Chaunrideurali Rural Municipality, Dhadkharka Bhanjyang, Kavre invites electronic bids from duly eligible & qualified registered bidders for the procurement of following works under S.N 1, 2, & 3 Name & identifications of contracts are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of Works | Bid Document Fee Amount | Bid security Amount | Estimated Amount with VAT,PS, & Contingency | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | CDRM/WORKS/ NCB/09/081/082 | Construction of Ward No. 3 Building | NRs. 3,000/- | NRs. 214000/- | NRs. 99,75,044.43 | 2082/02/04 12:00 | 2082/02/04 13:00 |
| 2 | CDRM/WORKS/ NCB/10/081/082 | Construction of Ward Office Building Ward N0. 4 | NRs. 3,000/- | NRs. 229000/- | NRs. 1,06,89,223.23 | 2082/02/04 12:00 | 2082/02/04 13:00 |
| 3 | CDRM/WORKS/ NCB/11/081/082 | Construction of Ward No. 7 Building | NRs. 3,000/- | NRs. 214000/- | NRs. 99,75,044.43 | 2082/02/04 12:00 | 2082/02/04 13:00 |

| Name of Bank | Name of office | Revenue Account Name & No. | Deposit Account Name & No. |
|---|---|---|---|
| Kumari Bank, Chaunrideurali Branch | Chaunrideurali Rural Municipality, Dhadkharka, Bhanjyang, Kavre | ग.१.१ अन्तरिक राजस्व खाता शिर्षक नं. १४२२९ | ग.३ स्थानीय तह धरौटी खाता |
| Office Code | 80326502300 | 2660247948700009 | 2660247948700004 |

For further information please refer to the PPMOs website ***http/bolpatra.gov.np/egp***. Any amendment in the notice or bid document will be posted in the website of office.

**Chief Administrative Officer**


नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा, प्रधान सम्पादक : अखण्ड भण्डारी**